## संघ, प्रदेश तथा अनुसन्धान क्षेत्रका मत्स्य निकायहरूको प्रमुख, सूचना अधिकारीको नाम र सम्पर्क नम्बर

| क्र.स. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | कार्यालय प्रमुखको नम्बर | सूचना अधिकारीको नामथर | सूचना अधिकारीको नम्बर | कार्यालयको फोन नम्बर | ईमेल | अन्तर्गत निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु, काठमाण्डौ । | सरिता गौतम | ९८५१२४५६०६ | सुमित्रा लौडारी | ९८५१२४१६४६ | ०१-४५८५६४६ ४५५०६०५ ४५५०८३३ | dofnep@gmail.com | पशु सेवा विभाग |
| २ | मत्स्य मानव संसाधन विकास तथा प्रविधि परिक्षण केन्द्र, जनकपुरधाम, धनुषा | रविलाल शर्मा | ९८५४०३५३९६ | सविता झा | ९८५४०२१४५४ | ०४१-५२०३९६ | fdtcjnk@gmail.com | केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु, काठमाण्डौ । |
| ३ | मत्स्य शुद्ध नल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, भैरहवा, रुपन्देही । | महेश चन्द गुप्त | ९८५७०२४३१६ | कृष्ण प्रसाद खनाल | ९८५७०१२३१६ | ०७१-४२९३१६ | fdcbhairahawa@yahoo.com | केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु, काठमाण्डौ । |
| ४ | प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र, हेटौंडा, मकवानपुर । | सरोज कुमार यादव | ९८५५०७०३१५ | बलराम आचार्य | ९८५५०३१४५२ | ०५६-५२०१७९ ५२०५६७ | fdchetauda@gmail.com | केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु, काठमाण्डौ । |
| ५ | मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी | डा. भूपनारायण मण्डल | ९८५२८२०९३५ | सन्देश खनाल | - | ०३१-५५००९२ | fdcfattepur2029@gmail.com | मधेश प्रदेश |
| ६ | मत्स्य विकास केन्द्र, लहान, सिरहा | प्रियंका यादव | ९८४५२८३१११ | अशोक यादव | ९८५२८३१६१४ | ०३३-४१५०१० | fdclahan@gmail.com | मधेश प्रदेश |
| ७ | मत्स्य विकास केन्द्र, कुलेखानी, हेटौडा | मनिता पौडेल | ९८५५०७०२३७ | अनिल भण्डारी | ९७६१७१५५७४ | ०५६-६२०२३७ | rfdckulekhani@gmail.com | बागमती प्रदेश |
| ८ | मत्स्य विकास केन्द्र, भण्डारा, तितवन | माधव दहाल | ९८५५०६२०८५ | डा. गणेश अधिकारी | ९८५५०४७७८० | ०५६-५५००८५ | fdcbhandara@gmail.com | बागमती प्रदेश |
| ९ | मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा | सन्दिप लामिछाने | ९८५६०५१००६ | तिलक चन्द्र राउत | ९८६५८१८७७१ | ०६३-४०३००६ | fdcmitmi@gmail.com | गण्डकी प्रदेश |
| १० | मत्स्य विकास केन्द्र, शमशेरगंज, बाँके | रिम बहादुर थापा | ९८५८०४१०६९ | शालिकराम चौधरी | ९८५८०६१०६९ | ०८१-४०००२७ | fdcsumsergunj@gmail.com | लुम्बिनी प्रदेश |
| ११ | मत्स्य विकास केन्द्र, गेटा, कैलाली | निर्मल खाती | ९८५८४८२०२७ | सरोज रेग्मी | ९८६५८३९४५० | ०९१-५७५१२० | fdckailali@gmail.com | सुदूरपश्चिम प्रदेश |
| १२ | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी, ललितपुर | उमिता शाह | ९८४५०८७४४५ | प्रेम तिमिल्सेना | ९८४२०८६६४८ | ०१-५१७४२६३ | nfrc@narc.gov.np | नेपाल कृषि अनुसन्धान परिषद् |
| १३ | मत्स्य अनुसन्धान केन्द्र, पोखरा, कास्की | डा.मो. इकवाल हुसेन | ९८५६०६१०८९ | गुन बहादुर गुरुङ्ग | ९७६५९४७४८८ | ०६१-५६००८९ | frcpokhara@gmail.com | नेपाल कृषि अनुसन्धान परिषद् |
| १४ | मत्स्य अनुसन्धान केन्द्र, माछापोखरी, नुवाकोट | ईश्वरी सिंह महतो | ९८५११६०२२६ | सुनिता चन्द | ९८६६७०६०२५ | ०१०-५६०२२६ | troutfish.trishuli@gmail.com | नेपाल कृषि अनुसन्धान परिषद् |
| १५ | रेन्बो ट्राउट मत्स्य अनुसन्धान केन्द्र, धुन्चे, रसुवा | महेन्द्र प्रसाद भण्डारी | ९८५७०६०९०८ | – | – | ०१०-५४००२४ | troutfish.rasuwa@gmail.com | नेपाल कृषि अनुसन्धान परिषद् |
| १६ | कृषि अनुसन्धान निर्देशनालय, तरहरा, सुनसरी | अभिलाषा झा (मत्स्य युनिट संयोजक) | ९८६९८१२३७१ | मनिष ठाकुर | ९८४२०८४८५८ | ९८५२०३२६७२ | – | नेपाल कृषि अनुसन्धान परिषद् |
| १७ | कृषि अनुसन्धान निर्देशनालय, परवानीपुर, बारा | शिव नारायण मेहता (मत्स्य युनिट संयोजक) | ९८५२०५९३६५ | डा. आनन्द मिश्र | ९८१३२७९३८३ | ९८५५०१२१६३ | – | नेपाल कृषि अनुसन्धान परिषद् |
| १८ | कृषि अनुसन्धान निर्देशनालय, खजुरा, बाँके | सुदीप कुमार लामिछाने (मत्स्य युनिट संयोजक) | ९८४८०२९५९८ | रविन गिरी | ९८४७८२२९६१ | ०८१-६२१२२६ | – | नेपाल कृषि अनुसन्धान परिषद् |


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

**केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र**

केन्द्रीय मत्स्य भवन बालाजु, काठमाडौं ।

ईमेलः dofnep@gmail.com वेवसाइटः www.cfpcc.gov.np








# केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र

# त्रैमासिक मत्स्य बुलेटिन


**सल्लाहकार**
डा. सुलोचना श्रेष्ठ

**प्रधान सम्पादक**
सरिता गौतम

**सम्पादक**
सुमित्रा लौडारी

**सम्पादक मण्डल सदस्यहरुः**
शोभा ढकाल
लक्ष्मी कार्की
करण सिं थिङ्ग
सुरेश कुमार खड्का

**प्रकाशकः**
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र
केन्द्रीय मत्स्य भवन, बालाजु, काठमाण्डौं ।
ईमेलः dofnep@gmail.com


## यस अंकमा


- मत्स्य रोग पहिचान तथा निदान,पानी तथा मत्स्य दानको गुणस्तर व्यवस्थापनमा केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुले गर्दै आएका कार्यहरु
- मत्स्य विकास कार्यक्रम अनुगमन सम्पन्न व्यवसायिक मत्स्य पालन विषयक १ दिने घुम्ती तालिम सम्पन्न
- तेस्रो त्रैमासिक अवधिमा संचालित मत्स्य तालिमको विवरण
- मत्स्य विकास केन्द्र, कुलेखानी, मकवानपुरबाट संचालित मत्स्य विकास कार्यक्रमहरु
- रङ्गीन माछाको प्रजनन् सम्पन्न
- आ. व. २०८२/८३ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गोष्ठी सम्पन्न


नेपाल सरकार

## नेपाल कृषि अनसन्धान परिषद्

(नेपाल सरकारद्वारा नेपाल कृषि अनुसन्धान परिषद ऐन २०४८ अन्तर्गत स्थापित)
(.............................................. महाशाखा)

पत्र संख्याः
चलानी नं.

कृषि अनुसन्धान भवन
सिंहदरबार प्लाजा
काठमाण्डौ, नेपाल ।

### दुई शब्द

नेपाल भौगोलिक विविधता भएको प्राकृतिक स्रोतसाधनले सम्पन्न देश हो। यहां रहेको प्रचुर जलभण्डारको उचित उपयोग मार्फत पछिल्लो समयमा मत्स्य क्षेत्रले देशको जैविक विविधता सन्तुलन, खाद्य तथा पोषण सुरक्षा, रोजगारी श्रृजना तथा जिवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ। नेपालमा आ.व.२०८०/८१मा प्राकृतिक जलाशयबाट २१००० मे. टन. र मत्स्यपालनबाट १०२४०३ मे. टन. गरेर कुल वार्षिक करिब १,२३,४०३ मेट्रिक टन माछा उत्पादन भएको छ, जसले कूल गार्हस्थ उत्पादन (GDP) मा ०.३७ प्रतिशत योगदान दिएको छ र कृषि कूल गार्हस्थ उत्पादन (AGDP) मा करिब १.५ प्रतिशत योगदान गरेको छ। मत्स्यपालन व्यवसायमा हाल १ लाख ६७ हजार व्यक्ती प्रत्यक्ष तथा करिव ४ लाख अप्रत्यक्ष रुपमा रोजगारि तथा जिविकोपार्जनको लागि संलग्न रहेका छन।

नेपाल सरकार कृषि तथा पशुसन्छी विकास मन्त्रालयले मत्स्य क्षेत्र लाई प्राथमिकता दिएर संरक्षण र प्रवर्द्धनका कार्यक्रम संचालन गरिरहेको छ। नेपाल सरकारको १६औं पञ्चवर्षिय योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय मत्स्य विकास नीति २०७९ ले मत्स्य क्षेत्रको आगामी प्राथमिकता तथा महत्व दिशानिर्देश गरेको छ। त्यस्तै नेपाल कृषि अनुसन्धान परिषद् (NARC) ले वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकास कार्यहरु जस्तै मत्स्य नश्ल सुधार तथा उन्नत मत्स्य प्रजातिहरूको विकास र प्रवर्द्धन,उत्पादन प्रविधिको विकास, एकिकृत स्वास्थ्य व्यवस्थापन र रोग नियन्त्रण, अनुसन्धानमूलक प्रकाशन र जानकारी प्रसारका कार्यहरु मार्फत मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि, जलिय जैविक विविधता संरक्षणमा निरन्तर काम गरिरहेको छ।

मत्स्य क्षेत्रमा नविनतम खोज र अनुसन्धान गर्नको लागि नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत राष्ट्रिय पशुविज्ञान अनुसन्धान प्रतिष्ठान, कृषि अनुसन्धान निर्देशनालय, राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र तथा मत्स्य अनुसन्धान केन्द्रहरुले काम गरिरहेको र न्यून जनशक्तीमा पनि उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी मत्स्य अनुसन्धानका क्षेत्रमा काम गर्दै आएको छ। आगामी दिनमा जलवायु परिवर्तन अनुकूल मत्स्यपालन प्रविधि विकास,नयाँ प्रजाति अन्वेषण,स्मार्ट प्रविधिको प्रयोग, निर्यात उन्मुख मत्स्य उत्पादन प्रवर्द्धनमा अनुसन्धान केन्द्रीत गर्दै अनुसन्धान, नवप्रवर्तन र निजी क्षेत्रसँग सहकार्यमा मत्स्य क्षेत्रलाई अझ मजबुत र प्रतिस्पर्धी बनाउने हाम्रो लक्ष्य रहेको छ।

यस केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुबाट त्रैमासिक रुपमा प्रकाशित हुने त्रैमासिक मत्स्य बुलेटिनले मत्स्यपालन सम्बन्धी नवीनतम अनुसन्धान, प्रविधि विकास एवं प्रसार कार्यमा सहयोग पुग्ने विश्वासका साथै यस बुलेटिन सम्पूर्ण पाठकवर्ग र सरोकारवालालाई उपयोगी र प्रेरणादायी बन्नेछ भन्ने अपेक्षा गरेको छु। अन्त्यमा मत्स्यसंग सम्बन्धित कुराहरु समेटी त्रैमासिक रुपमा मत्स्य बुलेटिन प्रकाशन गर्दै आईरहेको केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र,बालाजु प्रति आभार प्रकट गर्दै शुभकामना व्यक्त गर्दछु।

..............................
डा.दोजराज खनाल
नि. कार्यकारी निर्देशक
नेपाल कृषि अनुसन्धान परिषद् (NARC)



पत्राचारः पोष्ट ब.नं. ५४५९, काठमाण्डौ, नेपाल ।
फोन नं. (९७७-१) ४२६२६६३, ४२६२५८५, ४२६२५६७, ४२६२५०४, ४२५७८०५ फ्याक्स? (९७७-१) ४२६२५००
E-mail: ednarc@ntc.net.np, Website: http://www.narc.gov.np

# मत्स्य रोग पहिचान तथा निदान,पानी तथा मत्स्य दानको गुणस्तर व्यवस्थापनमा केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुले गर्दै आएका कार्यहरु


मत्स्यपालन व्यवसायीकरण हुँदै जादा माछामा लाग्ने रोगको कारण उत्पादकत्वमा ह्रास भएको पाइन्छ। माछाका रोग लाग्ने मुख्यकारणहरु जस्तैः गुणस्तरीय भुराको अभाव, पानीको गुणस्तर कायम राख्न नसक्नु, बायोसेफ्टी तथा बायोसेक्युरिटी बारे जानकारी नहुनु, माछाको दाना सन्तुलित रुपमा प्रयोग गर्न नसक्नु र भण्डारणका साथै प्रयोग बारेमा उचित जानकारीनहुनु, जलवायु परिवर्तनको प्रभाव बढ्दै जानु, रोग व्यवस्थापनको पक्ष कमजोर आदि हुन। माछामा लाग्ने रोग, परजीवीहरु र अजैविक कारकहरुले गर्दा उत्पादनमा ह्रास आउन नदिन भनेर यस केन्द्रद्वारा प्राविधिक टोली परिचालन भइ रोग संक्रमण सम्भाव्य क्षेत्रमा मत्स्य रोग नमुना संकलन पहिचान गरि कृषकहरुलाई यसको उचित व्यवस्थापन तथा निदानको बारेमा जानकारी गराउदै आएका छन्। साथै सोही क्रममा पानीको गुणस्तरीयता परिक्षण, मत्स्य दाना नमुना संकलन, फार्म व्यवस्थापन बारे प्राविधिक निरीक्षण गरी आवश्यक परामर्शहरु उपलब्ध गराइ मत्स्यपालनमा कृषकहरुलाई यस केन्द्रले सहजीकरण गर्दै आएको छ।

तेस्रो त्रैमासिक सम्ममा चितवन, नुवाकोट, बारा र सिन्धुपाल्चोकमा गरी जम्मा ७२ वटा मत्स्य रोग नमुना परिक्षण गरिएको थियो। उक्त नमुनामा मध्ये ३१ वटा नमुनामा कुनै पनि Pathogen देखा नपरेको र २७ वटा नमुनामा Aeromonas, १२ वटामा Pseudomonas र बाँकी २ वटामा Vibrio देखा परेको जसलाई तल चार्टमा समेत देखाईएको छ।

मत्स्य रोग(जीवाणुको) व्यापकता/ (Prevalence of Fish disease (Bacteria))




त्यसै गरी तेस्रो त्रैमासिकमा बारा, पर्सा, चितवन नुवाकोट, मकवानपुर तथा काठमाण्डौ बालाजु लगायत जिल्लाका करीव ३९३ वटा पोखरीको पानीको नमुना परिक्षणको प्राप्त नतिजा अनुसार पृष्ठपोषण दिइएको थियो भने ६६ वटा विभिन्न उद्योग तथा मत्स्य कृषकले प्रयोग गरेको दानाको नमुना परिक्षण गरिएको थियो। जसमा पेलेट दाना देखि दानामा प्रयोग हुने कच्चा पदार्थ समेत परिक्षण भएको थियो। परिक्षण पश्चात दाना तथा कच्चा पदार्थमा रहेको गुणस्तर निम्न अनुसार रहेको छ ।








## ३. रिजरभ्वायरमा माछाको भुरा छोड्ने कार्यक्रम सम्पन्न

ईन्द्रसरोवर रिजरभ्वायरमा जलीय जैविक विविधता संरक्षण तथा यसमा आश्रित समुदायको जीवनस्तर उकास्ने हेतुले मत्स्य विकास केन्द्र, कुलेखानी, मकवानपुरले विगतका वर्षहरुमै माछाको भुरा छोड्ने कार्यक्रमलाई निरन्तरता दिँदै आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिकमा मिति २०८१/१२/१८ गते स्थानीय जातका माछाको २ लाख भुरा छोडीएको थियो। यस आ.व. २०८१/०८२ मा हालसम्म ४ लाख माछाको भुरा छोड्ने कार्य सम्पन्न भएको छ।






## रङ्गीन माछाको प्रजनन् सम्पन्न

केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुबाट आ.व.२०८१/०८२ मा कोई कार्प र कमेट गोल्ड फिसको प्रजनन् सफल भई माछाको भुराको विक्रि वितरण समेत सुरु भई सकेको छ। यी माछा सौन्दर्यकरण प्रयोजनका लागि काठमाण्डौं उपत्यका लगायत २० भन्दा बढी जिल्लामा बिक्री हुँदै आएको छ। कोई कार्पको मूल्य रु ५ देखि रु १५ त्यसैगरी कमेट गोल्ड फिस रु १५ देखि रु ४० सम्म विभिन्न साईज अनुसार पर्ने गर्छ।



## आ. व. २०८२/८३ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गोष्ठी सम्पन्न

केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको तथा मातहतका कार्यालयको आ.व. २०८२/८३ को वजेट, कार्यक्रम तयारी तथा योजना तर्जुमा गोष्ठी मिति २०८०/११/२८ गते केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको प्रमुख श्री सरिता गौतमज्यूले अध्यक्षता गर्नु भएको थियो भने कार्यक्रममा यस केन्द्रका मातहतका तीनवटा कार्यालयका कार्यालय प्रमुख वा प्रतिनिधि, योजना शाखाका प्रतिनिधि, लगायत अन्य सरोकारवाहरुको उपस्थिति रहेको थियो।



सो कार्यक्रममा यस केन्द्र र मातहतका ३ वटै कार्यालयहरुको आ.व. २०८२/८३ को कार्यक्रमको वारेमा विस्तृत रुपमा छलफल भएको थियो। उक्त कार्यक्रममा प्रत्येक कार्यालयहरुले आ-आफ्नो कार्य कार्याविवरण अनुसार कार्यक्रम प्रस्ताव गर्ने, वजेट सिलिङ्ग तथा LMBIS मा प्रविष्ट गर्दा आउन सक्ने समस्या जस्ता विषयहरुमा छलफल भएको थियो। कार्यालयको प्राथमिकताको आधारमा, कार्यालयको कार्य विवरण(TOR)र उपलब्ध रहेको जनशक्ति तथा उपलब्ध स्रोत साधनलाई समेत मध्यनजर गरी वजेट तथा कार्यक्रम प्रस्ताव गर्ने साथै केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रले मत्स्य प्रवर्द्धनका लागि राष्ट्रिय स्तरमा मत्स्य परिकार प्रतियोगिता तथा महोत्सवले आयोजना गर्ने, Fish Compendium प्रकाशन गर्ने जस्ता कार्यक्रम प्रस्ताव गर्ने छलफल सहित कार्यक्रम समापन भएको थियो।

# मत्स्य विकास केन्द्र, कुलेखानी, मकवानपुरबाट संचालित मत्स्य विकास कार्यक्रमहरु

## १. मत्स्य घुम्ती शिविर

ककनी वडा नं.४, नुवाकोटमा रेन्बो ट्राउट पालक कृषक तथा व्यवसायीको उपस्थितिमा २०८१/१२/०५ गते संचालन भएको मत्स्य घुम्ती शिविरमा १५ जना ट्राउट पालक कृषकलाई ट्राउटपालन सम्बन्धी सैद्धान्तिक विषयवस्तु जस्तै ट्राउट पालनको अवसर, समस्या एवं चुनौतीका साथै कृषकहरुको फार्म/रेसवे अवलोकन तथा अनुगमन गरी रेसवेमा पानीको गुणस्तर (तापक्रम, घुलित अक्सिजन, पि.एच., अमोनिया, नाईट्रेट, नाईट्राइट आदि) मापन गरिएको थियो। पानीको उचित गुणस्तर, माछामा लाग्ने विभिन्न रोग र तिनको नियन्त्रणको उपाय लगायतका विषयवस्तुका बारेमा सुझाव प्रदान गरिनुका साथै अन्त्यमा कृषकहरुलाई दाना तथा पोखरी व्यवस्थापनको लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु मध्ये मिनरल मिक्स्चर ,चुना र टक्सिमार वितरण गरी ति सामाग्रीहरुको प्रयोग गर्ने विधिबारे समेत संक्षिप्त जानकारी प्रदान गरी शिविर समापन भएको थियो।






## २. मागमा आधारित मत्स्य स्वास्थ्य शिविर

माछामा स्वास्थ्य सम्बन्धी समस्याहरु देखा परेको हुदाँ मत्स्य विकास केन्द्र, कुलेखानी, मकवानपुरद्वारा मिति २०८१/१२/१७ गतेका दिन माडी-७ गोपालनगर, चितवन मागमा आधारित मत्स्य स्वास्थ्य शिविर संचालन भएको थियो। शिविरमा २६ जना माछापालक कृषकको पोखरीहरुको अवलोकन गर्नुका साथै पानीको गुणस्तर(भौतिक तथा रासायनिक) मापन तथा माछाको स्वास्थ्य जाँच समेत गरिएको थियो। उक्त शिविरमा मुख्यतया माछाको स्वास्थ्य तथा रोग व्यवस्थापन सम्बन्धी कृषक-प्राविधिक बीच वृहत छलफल समेत भएको थियो। पानीको गुणस्तर तथा माछाको स्वास्थ्य जाँच गर्दा त्यहाँ अधिकांश पोखरीका माछामा जुम्राको संक्रमण भएको फेला परेको थियो भने केहीमा लर्निया समेत देखा परेको थियो। उक्त समस्याको समाधानका लागि आवश्यक सुझाव समेत दिई कार्यक्रम सम्पन्न गरिएको थियो।










## मत्स्य रोग नमुना संकलन, पानीको गुणस्तर परिक्षण र Lab Diagnosisका क्रममा सङ्कलन गरिएका फोटोहरु



माछाको नमुना संकलन



पानीको गुणस्तर परिक्षण



संकलित माछाका नमुनाहरु



रोगको लक्षणहरुको अवलोकन



रोग पहिचानको लागि नमुना संकलन



Antibiotic Susceptibility Test



रोगको नमुनामा देखिएका ब्यक्टेरिया र पहिचान

## मत्स्य विकास कार्यक्रम अनुगमन सम्पन्न







मत्स्य विकास कार्यक्रमलाई प्रभावकारी बनाउन मत्स्य क्षेत्रको विभिन्न सरोकारवालाहरु संग आपसी समन्वय र सहयोगको आवश्यकता रहेको हुन्छ। मत्स्य कृषक, व्यवसायी एवं उद्योगी व्यवसायीहरुको उत्पादन व्यवस्थापनमा देखिएको उपलब्धी एवं आइपरेका कठिनाईलाई बुझ्न केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु बाट चितवन, सर्लाही, रौतहट र धनुषा जिल्लाका विभिन्न स्थानमा संचालित मत्स्य विकासका कार्यक्रमहरुको अनुगमन गरिएको थियो। अनुगमनका क्रममा जिल्ला स्थित रहेका विभिन्न मत्स्य फार्म, दाना उद्योग ह्याचरी र नर्सरीहरुको समेत अनुगमन गरिएको थियो।

अनुगमनका क्रममा देखिएका एवं विधमान रहेका समस्याहरु कमश; मत्स्य ह्याचरीको संख्यामा क्रमिक रुपमा वृद्धि भएता पनि उत्पादित मत्स्य वीजको गुणस्तर एवं मूल्यमा अवस्थ प्रतिस्पर्धा, मत्स्य ह्याचरी तथा मत्स्य पालनको लागि सहुलियतको कृषि मिटर उपलब्ध नभएको, खुल्ला सिमनाका कारण उत्पादन भएको खाने माछाको बजारीकरणमा समस्या, प्राविधिक जनशक्तिको अभाव र ३ तह बीच प्रभावकारी समन्वय, सहकार्यको अभाव रहेको पाईयो।

अनुगमनको क्रममा मत्स्य क्षेत्रमा रहेका अवसर र चुनौती अवगत हुनुका साथै आगामी दिनमा संचालन गर्नुपर्ने मत्स्य विकासका कार्यक्रम बारे जानकारी प्राप्त भएको थियो।

## व्यवसायिक मत्स्य पालन विषयक १ दिने घुम्ती तालिम सम्पन्न

मत्स्य उत्पादन तथा उत्पादकत्व बढाउने उद्धेश्यले मत्स्य विकास केन्द्र, सम्शेरगंजले मिति २०८१/११/२६ र २०८१/१२/०९ गते का दिन क्रमश; बर्दिया जिल्लाको राजापुर नगरपालिका र बढैयाताल गाँउपालिकामा व्यवसायिक मत्स्य पालन विषयक १ दिने घुम्ती तालिम सम्पन्न गरेको छ। उक्त तालिममा राजापुर नगरपालिकामा २० जना मत्स्य कृषक र बढैयाताल गाँउपालिकामा २१ जना गरी २ वटा घुम्ती तालिममा जम्मा ४१ जना सहभागी रहेका थिए। जसमा १४ जना महिला सहभागी थिए। उक्त तालिममा नेपालमा सिफारिस गरिएका माछाका जातहरु, माछा पालनमा दाना तथा प्राकृतिक आहारा व्यवस्थापन, पानीको गुणस्तर र भुरा स्टकिङ्ग साईज र समय लगायतका विषयमा प्रशिक्षण दिईएको थियो।









## तेस्रो त्रैमासिक अवधिमा संचालित मत्स्य तालिमको विवरण

मत्स्य क्षेत्रको मानव संसाधन विकासका लागि संघीय तालिम केन्द्रको रुपमा रहेको मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, जनकपुरधाममा आ.व.२०८१/८२ तेस्रो त्रैमासिक अवधिमा कृषक र प्राविधिक स्तरीय विभिन्न तालिम संचालन भएको थियो। उक्त तालिमहरुका लागि माग आवेदन संकलन गरि प्राप्त आवेदनबाट केन्द्रले निर्धारण गरेको मापण्डका आधारमा तालिममा सहभागी प्रशिक्षार्थीको छनौट गरिएको थियो। तालिमको अन्य विवरण विस्तृतमा तल तालिकामा रहेको छ।

**मत्स्य तालिम कार्यक्रम**

| क. सं. | तालिमको शिर्षक | सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धि |
|---|---|---|
| १ | प्राकृतिक जलाशय संरक्षण तथा प्रवर्द्धन सम्बन्धी प्रा.स./ना.प्रा.स. स्तरीय एक हप्ते तालिम | ❑ १७ जना (२ महिला)प्रा.स./ना.प्रा.स.हरुलाई प्राकृतिक जलाशय संरक्षण तथा प्रवर्द्धन सम्बन्धी क्षमता अभिवृद्धि गरिएको। |
| २ | मत्स्य परिकार सम्बन्धी होटल/होमस्टे/उद्यमीहरुलाई तालिम | ❑ १८ जना (५ महिला) होटल/होमस्टे/उद्यमीहरुलाई माछाको विभिन्न परिकार बनाउने तरिका सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, सीप अभिवृद्धि गरिएको । |
| ३ | स्थानीय तहका प्रा.स. ना.प्रा.स.हरुलाई सघन मत्स्य पालन सम्बन्धी एक हप्ते तालिम | ❑ १९ जना(५महिला) विभिन्न स्थानीय तहका प्रा.स. ना.प्रा.स.हरुलाई सघन मत्स्य पालन सम्बन्धी क्षमता अभिवृद्धि गरिएको । |





